# बाढीले दूषित बनाउन सक्छ तपाईंको इनार वा मुहान

**बाढीको पानी तपाईंको इनार वा मुहानसम्म पुगेको छ भने तपाईंको पानी दूषित छ भनी मान्नुहोस् र सुरक्षित छ भनी थाहा नभएसम्म त्यसलाई पिउनका लागि प्रयोग नगर्नुहोस्।** बाढीपछि पानी पिउन, पकाउन वा सफा गर्नका लागि सुरक्षित नहुन सक्छ। बाढीको समयमा र त्यसपछि, निजी इनार र मुहानहरू ब्याक्टेरिया, सूक्ष्मजीवहरू र ढल, तताउने तेल, कृषि वा औद्योगिक फोहोर, रसायनहरू र अन्य पदार्थहरूबाट दूषित हुन सक्छन् जसले गम्भीर रोग निम्त्याउन सक्छ।

## तपाईंको इनार वा मुहान नजिकै बाढी

**आफ्नो इनार वा मुहानको पानी परीक्षण नगरेसम्म र यो सुरक्षित छ भन्ने थाहा नभएसम्म प्रयोग नगर्नुहोस्,** विशेष गरी यदि:

- यो बाढीको पानीले ढाकिएको थियो वा बाढीको नजिकै अवस्थित थियो भने
- यसको गन्ध मीठो छ वा इन्धन वा रसायनजस्तो गन्ध आउँछ वा शंकास्पद इन्धन वा रसायन पोखिएको ठाउँको नजिकै छ भने

## बाढीको प्रभावका लागि तपाईंको पानीको प्रणालीलाई निरिक्षण गर्नुहोस्

तपाईंले बाढीको समयमा त्यो क्षेत्र देख्नुभएन भने, क्षेत्रमा भग्नावशेष र माटो तथा इनार वा मुहानमा पानी वा माटोको दाग छ की भनी हेर्नुहोस्। यी तपाईंको प्रणालीमा बाढी आएको थियो भन्ने सङ्केतहरू हुन्।

1. यसो गर्न सुरक्षित छ भने, विद्युतीय तत्वहरूको निरीक्षण गर्नुहोस्:
   - खुला भएको / क्षतिग्रस्त तार वा विद्युतीय तत्वहरू खोज्नुहोस्।
   - पानी कुनै पनि विद्युतीय तत्वहरूमा प्रवेश गरेको छ कि छैन जाँच गर्नुहोस्। विजुलीका तारहरूलाई नछुनुहोस्।
   - इनारको केसिङ वा स्प्रिङ बक्स बाहिर रहेको विद्युतीय जडान वा नियन्त्रणहरू डुबिरहेको छ भने, बाढीको पानी तल नगएसम्म पम्प अन नगर्नुहोस्।
2. पानीको प्रणालीको बिग्रिएको संरचनागत तत्वहरूको जाँच गर्नुहोस्।
   - इनारको केसिङको जाँच गर्नुहोस् - बांगिएको/चर्किएको इनारको केसिङले इनारभित्र पानी, थिग्रिएको वस्तु र भग्नावशेष प्रवेश गर्न दिन सक्छ र यसले प्रदूषणको जोखिम बढाउँछ।
   - इनारको केसिङमा सुरक्षित रूपमा बाँधिएको छ भनी सुनिश्चित गर्न इनारको ढक्कन र सिल जाँच गर्नुहोस्। मल र भग्नावशेष इनारको खुकुलो ढक्कनबाट इनारभित्र छिर्न सक्छन्।
   - मुहानको बाकस टायलहरू र संरचनात्मक तत्वहरू सिल गरिएका छन् र ठाउँमा छन् भनी हेर्नका लागि जाँच गर्नुहोस्।
3. तपाईंको खानेपानी प्रणाली एकदमै खराब देखिएमा इजाजतप्राप्त इनार ड्रिलर (अङ्ग्रेजी भाषामा भएको लिङ्क) वा तपाईंको क्षेत्रीय इन्जिनियरलाई (अङ्ग्रेजी भाषामा भएको लिङ्क) फोन गर्नुहोस.
4. तताउने इन्धन वा रसायनहरू तपाईंको इनार वा मुहान नजिकै पोखिएको थाहा छ भने, भर्मन्ट डिपार्टमेन्ट अफ इन्भाइरोन्मेन्टल कन्जर्भेसन (DEC) स्पिल म्यानेजमेन्ट (अङ्ग्रेजी भाषामा भएको लिङ्क) कार्यालय समय (बिहान 7:45 बजेदेखि साँझ 4:30 बजेसम्म) 802-828-1138 मा वा कार्यालय बन्द रहने समयमा 800-641-5005 मा फोन गरेर स्पिलका बारेमा रिपोर्ट गर्नुहोस्। कुनै इन्धन वा रसायन पोखिएकाले तपाईंको इनारको पानी दूषित भएको छ जस्तो लागेमा वा तपाईंको पानीबाट गुलियो वा इन्धन वा रसायन जस्तो गन्ध आएमा **पानी नपिउनुहोस्**।

5. तपाईंको सेप्टिक प्रणालीमा पनि समस्याहरू हुन सक्छन्। तपाईंको सेप्टिक प्रणाली जाँच्न मद्दत गर्ने स्रोतहरू खोज्नुहोस्। यो पेजमा भएका लिङ्कहरूले स्रोतहरूमा पुर्‍याउँछन्। कुनै अर्को भाषामा जानकारी प्राप्त गर्नका लागि प्राकृतिक स्रोत निकाय (Agency of Natural Resources) लाई ANR.CivilRights@vermont.gov वा 802-636-7827 मा सम्पर्क गर्नुहोस्।

## तपाईंको इनार वा मुहान बाढीले प्रभावित भएको छ भने

बाढी आएपछि खानेपानी दूषित पार्ने सबैभन्दा सामान्य तत्त्व भनेका ब्याक्टेरिया हो। ब्याक्टेरियाले तपाईंलाई बिरामी पार्न सक्छ। पानी परीक्षण नगरेसम्म नपिउनुहोस्।

1. खानेपानी परीक्षण गरी नतिजाहरूमा कुल कोलिफोर्म र ई. कोली ब्याक्टेरिया "पत्ता नलागेको" कुरा नदेखिँदासम्म निम्न कुराका लागि **पानी प्रयोग नगर्नुहोस्**:
    - पिउने
    - खाना पकाउने
    - भाँडा माझ्ने
    - जुस वा बरफ बनाउने
    - फलफूल र तरकारी धुने
    - दाँत माझ्ने
    - बच्चाको फर्मुला तयार गर्ने
2. ज्ञात सुरक्षित स्रोतबाट पानी प्राप्त गर्नुहोस्।
    - टाउन लाइब्रेरी, टाउन हल, फायर डिपार्टमेन्ट, स्कूल, चर्च वा टाउन अफिस जस्ता ज्ञात सुरक्षित स्रोतबाट खाद्य सुरक्षित कन्टेनरहरू पानीले भर्नुहोस्।
    - बोतलको पानी किन्नुहोस्। पर र पोलिफ्लुरोअलकाइल बस्तुहरू (पीएफएएस) का लागि परीक्षण गरिएका बोतलको पानी प्रणालीहरूको सूची खोज्नुहोस्।
    - थोक वाटर होलरबाट पानी किन्नुहोस् र पानीको ट्याङ्की भर्नुहोस्। थोक वाटर होलरको सूची (अङ्ग्रेजी भाषामा भएको लिङ्क) खोज्नुहोस् वा "बल्क वाटर होलर भर्मोन्ट" को भनी इन्टरनेटमा खोज्नुहोस्।
    - तपाईंले आफूलाई थाहा भएको सुरक्षित स्रोतबाट पानी पाउनुभएन भने पानीमा हुन सक्ने ब्याक्टेरिया र अन्य जीवाणु मार्नका लागि **एक मिनेटसम्म पानी उमाल्नुहोस्**। निम्न अवस्थामा पानी नउमाल्नुहोस्:
        - तपाईंको पानीमा गन्ध आएमा वा रसायनको चिन्ह देखेमा
        - नजिकै इन्धन वा रसायन पोखिएको शंका लागेमा
        - पानी बादलजस्तो भएको वा पुरै थिग्रिएको देखेमा
    - आफ्नो दूषित इनार वा मुहानलाई वाटर होलरले पठाएको पानीले **नभर्नुहोस्।** त्यसको सट्टा, पानीलाई खाद्य सुरक्षित भाँडाहरूमा राख्नुहोस्।

## आफ्नो खानेपानी कसरी परीक्षण गर्ने

1. $14 मा ब्याक्टेरिया परीक्षण किट अर्डर गर्नका लागि स्वास्थ्य विभाग प्रयोगशाला (Health Department Lab) को फोन नम्बर 802-338-4724 मा फोन गर्नुहोस्।
2. पानीको नमूना लिनुअघि:
    - इनारको केसिङ वरिपरि वा स्प्रिङ बक्समा भएको कुनै पनि माटो, फोहोर र अन्य अवशेष निकाल्नुहोस्।
    - पानी मैलो वा धमिलो देखिएमा पानी सफा नहुँदासम्म र सबै फोहोर ननिस्किँदासम्म घरबाहिर रहेको धारोमा पाइप जोडेर पानी छाड्नुहोस्। इनार वा मुहानको आकार र गहिराइ र दूषणका मात्राको आधारमा यो कार्य गर्न 30 मिनेटदेखि केही घण्टा वा दिनसम्म लाग्न सक्छ।
3. नमूना लिनका लागि परीक्षण किटमा दिइएका निर्देशनहरू पालना गर्नुहोस्। आफूले नमूना लिएकै दिन त्यसलाई प्रयोगशालामा पठाउनुहोस्।
4. तपाईं उक्त नमूना सोमवारदेखि बिहीवारसम्म स्वास्थ्य विभागको प्रयोगशाला वा नजिकैको स्थानीय स्वास्थ्य कार्यालयमा पठाउन सक्नुहुन्छ। नमूना कहिले पठाउनु पर्छ भनी हेर्नका लागि तालिका हेर्नुहोस् (अङ्ग्रेजी भाषामा भएको लिङ्क)।
5. तपाईंले बिदाबाहेकका दुई दिनभित्र ब्याक्टेरिया परीक्षणका नतिजाहरू प्राप्त गर्नु पर्ने हो।
6. **नतिजाहरूमा कुल कोलिफोर्म र ई. कोली ब्याक्टेरिया "पत्ता नलागेको" कुरा नदेखिँदासम्म पानी प्रयोग नगर्नुहोस्।** आफूलाई थाहा भएको सुरक्षित स्रोतबाट पानी ल्याउनुहोस् वा प्रयोग गर्नुअघि एक मिनेटसम्म उमाल्नुहोस्।

## तपाईंले पानीको परीक्षणका नतिजाहरू प्राप्त गरेपछि

- तपाईंका नतिजाहरूमा ब्याक्टेरिया "पत्ता लागेको" देखिएका खण्डमा बाढीको पानी बगिसकेपछि आफ्नो इनार वा मुहान किटाणुमुक्त बनाउने चरणहरू पालना गर्नुहोस् (अङ्ग्रेजी भाषामा भएको लिङ्क)। तपाईंलाई आफ्नो इनार वा मुहान किटाणुमुक्त बनाउन मद्दत चाहिएमा स्थानीय इनार डिलर (अङ्ग्रेजी भाषामा भएको लिङ्क) वा पानीको गुणस्तर जाँच्ने विशेषज्ञलाई (अङ्ग्रेजी भाषामा भएको लिङ्क) सम्पर्क गर्नुहोस्.

आफ्नो इनार वा मुहान किटाणुमुक्त बनाएपछि क्लोरिनको गन्ध गएको 2 देखि 3 दिनपछि आफ्नो पानीमा ब्याक्टेरिया पुनः परीक्षण गर्नुहोस्। $14 मा ब्याक्टेरिया परीक्षण किट अर्डर गर्नका लागि स्वास्थ्य विभाग प्रयोगशाला (Health Department Lab) को फोन नम्बर 802-338-4724 मा फोन गर्नुहोस्।